# लुम्बिनी बौद्ध विश्वविद्यालयको दशौ साधारण सभाको बैठकमा प्रस्तुत सङ्क्षिप्त प्रगति प्रतिवेदन

लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनीको दशौँ साधारण सभाको बैठकको अध्यक्षता गरिरहनु भएका सभाका अध्यक्ष, विश्वविद्यालयका कुलपति एवं सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलिज्यू,

सभाका उपाध्यक्ष, विश्वविद्यालयका सह-कुलपति तथा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलज्यू,

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपतिज्यू,

संघिय संसदका माननीय सभासदज्यूहरु,

राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यू

विश्वविद्यालय अनुदान आयोगका अध्यक्षज्यू,

त्रिभुवन र पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपतिज्यूहरू,

सम्मानित विश्वविद्यालय सभाका सभासदज्यूहरू,

आमन्त्रित महानुभावहरू !

लुम्बिनी बौद्ध विश्वविद्यालयलाई जीवन्त एवं गतिशील प्राज्ञिक केन्द्रका रुपमा विकास गर्ने लक्ष्यका साथ अघिल्ला बर्षहरुदेखि सञ्चालन हुदै आएका

शैक्षिक, प्राज्ञिक कार्यक्रमहरुको निरन्तरताका साथै थप शैक्षिक प्राज्ञिक कार्यक्रमहरुको तयारी, विद्यमान सबै सङ्काय अन्तर्गतका कार्यक्रमहरूको सुदृढीकरण र भौतिक पूर्वाधारहरूको निर्माण कार्यलाई प्राथमिकतामा राखी निम्नानुसारका कार्यक्रमहरू कार्यान्वयनमा जोड दिईएको व्यहोरा सहित सभामा प्रस्तुत गरिएको आ.व. ०७४/०७५ विश्वविद्यालयको वार्षिक प्रतिवेदनको संक्षिप्त रुप तथा आर्थिक वर्ष २०७५/०७६ को बजेट, नीति तथा कार्यक्रम संक्षिप्तमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

१. लुम्बिनी बौद्ध विश्वविद्यालय शिक्षालाई सीपसंग, सीपलाई श्रमसंग र श्रमलाई समृद्धिसंग जोडेर समृद्ध नेपाल बनाउने राष्ट्रिय अभियानमा उच्च शिक्षा मार्फत सहयोग गर्दै बौद्ध धर्म, दर्शन, संस्कृति, साहित्य, शिक्षा प्रवर्द्धन सम्बन्धी नयाँ कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई योजनाबद्ध रुपमा अघि बढेको छ।

२. यस विश्वविद्यालयले अपनाउने दिर्घकालीन लक्ष्य, शिक्षाको स्वरूप, प्राज्ञिक एवं शैक्षिक जनशक्ति व्यवस्थापन, भौतिक पूर्वाधार र आवश्यक पर्ने लगानीको प्रक्षेपण सहितको **कार्ययोजना** तयार गर्नका लागि कार्य अगाडि बढाईएको छ। सो योजना अन्तर्गत तयार पारिएको कार्ययोजनालाई चरणबद्ध रुपमा अगाडि बढाउने लक्ष्य राखिएको छ।

३. विश्वविद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन समुदायसंगको सहकार्यमा समुदायलाई आवश्यक पर्ने शैक्षिक कार्यक्रमहरु विश्वविद्यालय, स्थानीय नगरपालिका, गाउँपालिका र विभिन्न शैक्षिक संस्थासंग समन्वय, सहकार्यमा संयुक्तरुपमा (3P **Model**) मा शैक्षिक कार्यक्रमका मोडालिटी तयार पारी संचालन गर्ने लक्ष्य रहेको छ।

४. विश्वविद्यालयमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरू सम्बन्धित डीन कार्यालय अन्तर्गत सञ्चालन गरिएको छ। विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरूलाई सम्बन्धित सङ्काय अन्तर्गत सञ्चालन गर्ने सम्बन्धमा आवश्यक जनशक्ति तथा पूर्वाधार तयार गरी कार्यान्वयन गर्ने प्रक्रिया अघि बढिरहेको छ ।

५. लुम्बिनी वौद्ध विश्वविद्यालय ऐन २०६३ निर्माण हुँदाको सन्दर्भ नेपालको संबिधान २०७२ जारी भएपछि राज्य पुन:संरचना भए पश्चात ऐनका कतिपय सन्दर्भहरु अप्रासांगिक भएका छन जसको प्रभाव विश्वविद्यालयको संगठनात्मक ढाँचामा परेकोले उक्त अप्रासांगिक प्रावधान सहितको विश्वविद्यालयको विकासमा बाधकको रुपमा देखिएका ऐनका केही पक्षहरुलाई समयसान्दर्भिक बनाउन पहल भईरहेको छ।

६. विश्वविद्यालयको योजना निर्माण, वित्तीय व्यवस्थापन, पाठ्यक्रम निर्माण, परीक्षा व्यवस्थापन, मूल्याङ्कन विधि लगायतका विषयमा जानकारी प्राप्त गर्न सम्बन्धित पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको लागि अन्य विश्वविद्यालयहरूको अवलोकन भ्रमण तथा तालिमको व्यवस्था आदिको व्यवस्थापनमा जोड दिइएको छ।

७. विश्वविद्यालयले विभिन्न शिक्षण संस्थाहरूलाई सम्बन्धन दिने सम्बन्धमा नेपाल सरकार र विश्वविद्यालय अनुदान आयोगले तयार पारेको निर्देशन, मापदण्ड र विश्वविद्यालयको ऐनको परिधि अनुसार शिक्षण संस्थाहरूलाई सम्वन्धन प्रदान गर्ने सम्बन्धी पुनरावलोकन प्रक्रिया अघि बढाइएको छ।

८. गत आठौँ सभामा स्वीकृतीका लागि पेश गरिएका विश्वविद्यालयका आर्थिक, शैक्षिक प्रशासनिक,सेवा

सम्बन्धी नियामावलीहरु संसोधन गरी कुलपतिको स्वीकृति पश्चात लागु गर्ने भन्ने सभाको निर्णय बमोजिम स्वीकृति पछि २०७४ मङ्सिर ५ गते देखि लागु भएका छन् ।

९. विश्वविद्यालयको सबै निकायको शैक्षिक, प्रशासनिक एवं लेखा व्यवस्थापन कार्यलाई छिटो छरितो र प्रविधियुक्त बनाउनका लागि सफ्टवयरका साथै सर्भर जडान गर्ने लक्ष्य राखिएको छ ।

१०. मिति २०७५ श्रावण १ गते देखि विश्वविद्यालयले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसार काठमाडौँ, सानेपा स्थित रहेको सम्पर्क कार्यालय सम्पूर्ण रूपमा खारेज गरी सम्पूर्ण शैक्षिक प्रशासनिक कार्यहरू विश्वविद्यालयको केन्द्रीय कार्यालय लुम्बिनीबाट गर्न सुरु गरिएको छ ।

११. विभिन्न विदेशी बौद्ध अध्ययन अनुसन्धान केन्द्रसँग समन्वय गरी केन्द्रीय क्याम्पसमा अत्याधुनिक ई-पुस्तकालय संचालनको तयारी गरिएको छ। पुस्तकालयलाई पाठ्यपुस्तक, सन्दर्भपुस्तक र विभिन्न अनुसन्धानमूलक र साधारण पत्रपत्रिकाको संग्रहबाट समृद्ध बनाउदै जाने लक्ष्य लिईएको छ। त्यसै गरी आवश्यक पर्याप्त सामग्री सहितको अनुसन्धान केन्द्रको स्थापनमा जोड दिइएको छ।

**सभाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, उपकुलपतिज्यू एवं अन्य उपस्थित सभासदज्यूहरु !**

१२. विश्वविद्यालयको ऐतिहासिक प्रथम दीक्षान्त समारोह भव्यताका साथ् स्वयम् सम्माननीय प्रधानमन्त्री एवं कुलपतिज्यू, माननीय शिक्षामन्त्री एवं सह-कुलपतिज्यू, संघिय संसदका सांसदज्यूहरु, संघीय सरकारका

मन्त्रीज्यूहरु, प्रदेश सभाका सभामुख, सदस्यज्यूहरु, प्रदेश सरकारका मन्त्रीज्यूहरु, बौद्ध देशका महामहिम राजदुतज्यूहरु अन्य विश्वविद्यालयका उपकुलपतिज्यूहरुको उपस्थितिमा सम्पन्न भएको कुरा स्मरण गराउन पाउँदा खुशी लागेको छ। विश्वविद्यालयले आफ्नो दीक्षान्त समारोहलाई हरेक बर्ष निरन्तरता दिंदै जाने लक्ष्य लिएको छ।

१३. विश्वविद्यालय शिक्षालाई अनुसन्धानमुखी बनाउन र शिक्षकहरूको क्षमता विकास गर्न लघु अनुसन्धान, जर्नल प्रकाशन, सेमिनार, गोष्ठी, कार्यशाला, प्रवचन जस्ता अनुसन्धानमुलक कार्यहरू कार्यान्वयन गर्दै लगिएको छ। साथै शिक्षकहरूको वृत्ति विकासको लागि उनीहरूलाई विद्यावारिधि अध्ययन गर्ने अवसर प्रदान गर्ने प्रक्रियाको थालनी गरिएको छ। आगामि दिनमा पनि यसलाई निरन्तरता दिईने छ।

१४. यसै शैक्षिक सत्र देखि स्नातक तहमा **Bachelor of Buddhism Travel and Tourism Management** को अध्ययन अनुसन्धान प्रारम्भ भएको छ भने २०७५ को शैक्षिक सत्र देखि स्नातक एवं स्नातकोत्तर तहमा समकालीन व्यवहारिक विषयहरुको अध्ययन अध्यापन थालनी गर्ने लक्ष्य राखिएको छ।

१५. नेपाल भ्रमण बर्ष २०२० लाई लक्षित गरी वौद्ध धर्म, संस्कृति र शिक्षा लिने चाहने विदेशी व्यक्तिहरुलाई छोटो समयको बौद्ध अध्ययनको पाठ्यक्रम निर्माण गरी संचालन गरिने छ भने नेपाल सरकारको समन्वयमा **Tourist Guide** को अल्पकालीन कोर्ष संचालन गर्ने लक्ष्य राखिएको छ।

१६. विश्वविद्यालयले विद्यार्थीहरूको सर्वाङ्गीण विकासको लागि शैक्षिक भ्रमण, अन्तरक्रिया, बौद्ध देशहरुको भ्रमण

जस्ता विद्यार्थी कल्याण सम्बन्धी विभिन्न अतिरिक्त कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। यस कार्यलाई आगामि बर्षमा पनि निरन्तरता दिईने छ।

१७. नेपालको उच्च शिक्षा सम्बन्धी नीति अनुरूप विश्वविद्यालयले परीक्षा प्रणालीमा सुधार गर्ने छ।परीक्षामा गुणस्तर निर्धारण संयन्त्र विकास, अनुगमन तथा मूल्यांकन प्रणालीको सुदृढीकरण र अनुसन्धनात्मक कार्यहरूलाई नियमित र प्रभावकारी तुल्याइएको छ।आगामि दिनमा पनि त्यसलाई अझै प्रभावकारी बनाइनेछ।

१८. विश्वविद्यालयले शैक्षिक कार्यपात्रो (**Academic Calendar)** आदिलाई कडाइका साथ अनुसरण गर्नुका अतिरिक्त प्राध्यापकहरूलाई नविनतम शिक्षण सिकाइको अवसर प्रदान गर्न सङ्काय विकास उन्मुख

अनुसन्धानात्मक कार्यतर्फ अभ्यस्त गराउन विश्वविद्यालयले प्राज्ञिक उन्मुख कार्यक्रमहरुलाई प्राथमिकता प्रदान गर्ने, विश्वविद्यालयका पाठ्यक्रमलाई गुणस्तरीय, प्रतिष्पर्धी र जीवनोपयोगी बनाउनको साथै स्तरयुक्त तुल्याउन तिनको समतामूलक विस्तृतीकरण निर्माण तथा परिमार्जन सहित सुक्ष्म पाठ्यक्रम (**Micro-Syllabus**) को निर्माणमा जोड दिईने छ।

१९. विश्वविद्यालयको शैक्षिक उपाधिहरूलाई समकक्षता प्रदान गर्ने सम्बन्धमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा विभिन्न विश्वविद्यालयहरूसँग सम्बन्ध स्थापित गर्ने कार्य निरन्तर भइरहेको छ।

२०. नेपाली जनमानसलाई बुद्ध, बौद्ध सम्पदा, राष्ट्र र सभ्य नागरिक उत्पादनमा बौद्ध नैतिक शिक्षालाई उच्च प्राथमिकता दिंदै अनौपचारिक कार्यक्रम मार्फत घर-

घरमा बौद्ध अध्ययनको नारालाई कार्यान्वयन गर्न लुम्बिनी आसपासका स्थानीय नगरपालिका, गाउँपालिकाहरुसंगको समन्वयमा बौद्ध शिक्षाका स्थानीय पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन कार्यलाई प्रेरित गरिएको छ आगामि दिनमा यसलाई विस्तार गरिने छ।

२१. अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न, विश्वविद्यालयको समग्र योजना तर्जुमा गरी कार्यान्वयन गर्न र पाठ्यक्रम निर्माण र परिमार्जन गर्न क्रमशः अनुसन्धान केन्द्र, अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र, विकास तथा अनुगमन केन्द्र र पाठ्यक्रम विकास केन्द्र स्थापना गर्ने कार्य अगाडि बढाईने छ।

विश्वविद्यालयले एक बर्षे पालि, संस्कृत र तिब्बती भाषाको अध्ययन अध्यापन कार्य थालनी गरेको छ भने आगामि दिनमा भाषा र बौद्ध साहित्य अध्ययनको दायरा फराकिलो बनाउदै लगिने छ।

२२. सार्क क्षेत्र लगायत विश्वका विभिन्न बौद्ध विश्वविद्यालय, अनुसन्धान संघसंस्थाहरूसँग सम्बन्ध, सहयोग र साझेदारी स्थापित गर्ने प्रक्रिया आरम्भ गरी विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय रुपमा मान्यता दिलाउने कार्यलाई प्रभावकारी ढङ्गले अघि बढाइने छ।

**सभाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, उपकुलपतिज्यू एवं अन्य उपस्थित सभासदज्यूहरु !**

२३. यस विश्वविद्यालयको केन्द्रीय कार्यालय भवन र छात्र/छात्रावास भवनहरुको निर्माण सम्पन्न भएको छ। गत आ.व.मा निर्माण प्रारम्भ भएको शिक्षक/पदाधिकारी

आवास भवन, केन्द्रीय पुस्तकालय र बौद्ध स्तुप निर्माणलाई तीव्र रुपमा अघि बढाइएको छ।त्यसै गरी यो आ.व. मा दुई वटा शैक्षिक भवन, परीक्षा नियन्त्रण कार्यालय भवन, अतिथि गृह, बहुउद्देश्यीय सेमिनार हल आदिको निर्माणलाई अघि बढाइनेछ।

२४. पश्चिमा मुलुकहरुले प्रकृति, जीवन र समाजलाई हेर्ने र फेर्ने सबैभन्दा परिष्कृत जीवन ढाँचाका रुपमा वौद्ध शिक्षालाई **Post Modernism** पछिकै वैज्ञानिक मोडेलको रुपमा अवलम्बन गरिरहेका छन्।तसर्थ यस परिप्रेक्ष्यमा नेपालका हरेक विश्वविद्यालयमा वौद्ध शिक्षालाई न्यूनतम आधारभूत पाठ्यक्रमको अंश बनाउनका लागि पहल गर्ने र यो मामलामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने गरी कार्य अगाडि बढिरहेको छ।

२५. नेपालको ओलांगचुङ्गोला देखि टिंकरभन्ज्यांगसम्म समग्र हिमाली भूभागमा फैलिएको अत्यन्त परिष्कृत बौद्ध सम्पदाहरु जस्तै प्राचीन अमूल्य बौद्ध पाण्डुलिपिहरु, विपुल पर्यटकीय आकर्षणका सांस्कृतिक अवयवहरु,गुम्बामा हुने बौद्ध शिक्षणको दुर्लभ शिक्षा प्रणाली आदि मौलिक सम्पदाहरुको व्यवस्थित अध्ययन अनुसन्धानका लागि विज्ञहरुको समूह गठन गरी आधिकारिक अध्ययन प्रक्रियाको थालनी गर्ने योजना रहेको छ।

२६. बौद्ध दर्शन र यसमा आधारित जीवन जिउने कला (**Buddhist Philosophy, Buddhist Art of Living**) लाई एउटा निदानात्मक उपाय (**Therapeutic Value**) बोकेको समृद्ध प्रणालीको रुपमा युरोप र अमेरिकाका विश्वविद्यालयहरुमा शैक्षिक विषयको रुपमा स्थापित

भएको छ। बौद्ध अध्ययन कार्यक्रमले संसारभर लोकप्रिय बन्दै एउटा गतिशील र जीवन्त विधाको रुपमा नयाँ-नयाँ व्याख्याप्रणाली र उपव्याख्याप्रणाली विकसित हुँदैं बुद्धिज्मको दार्शनिक धरातल फराकिलो हुँदैछ।यो विश्व परिप्रेक्ष्यमा लुम्बिनी बौद्ध विश्वविद्यालयलाई समयानकुल विकसित गर्दै अन्तर्राष्ट्रिय संघ संस्थासंग समन्वय गर्दै वृहत् शैक्षिक परियोजना (Comprehensive Education Joint Venture Project) संचालनका लागि आवश्यक संयन्त्रको विकास गर्दै त्यसका लागि विश्वविद्यालयलाई आधुनिक संचारमैत्री वातावरण Centre of Excellency बनाउन आवश्यक पहल गरिने छ।

२७. नेपालको भूगोलभित्र रहेका बौद्ध सांस्कृतिक सम्पदा, पुरातात्विक सम्पदाको बारेमा आधिकारिक अध्ययन अनुसन्धान गर्ने गराउने साथै तिनीहरुको

यथोचित संरक्षणका उपायहरुका लागि सम्बन्धित निकायहरुसंग सहकार्य अगाडि बढीरहेको छ। बुद्धकालीन समयदेखिनै नेपालमा बौद्ध धर्म र दर्शनको अटुट परम्परा (**Unbroken Continuous Lineage**) रही आएको छ।नेपालको काठमाडौँ उपत्यकावासी नेवार बौद्धहरु, देशका विभिन्न भागमा रहेका गुरुङ, मनांगी, शेर्पा, हुम्लाली, नुब्रिपा, योल्मोपा, लेप्चा, मुस्तांगी (लोपा), थकाली, जिरेली आदि बौद्ध समुदायमा प्रचलित बौद्ध अध्ययनको परम्परागत ढाँचा र बौद्ध सम्पदाको जगेर्ना, संरक्षण र विकासका लागि खुल्ला तथा दुरशिक्षा रेडियो कार्यक्रम मार्फत नेपालको राष्ट्रिय संस्कृतिको अभिन्न अंगको रुपमा स्थापित गर्दै राष्ट्रिय एकताको सवलिकरण गर्ने लक्ष्य विश्वविद्यालयले राखेको छ।

२८. लुम्बिनी बौद्ध विश्वविद्यालयलाई **International Association of Buddhist Universities** को सदस्य

बनाउनुका साथै अन्य विदेशी संघसंस्थाको सदस्यता एवं आपसी सहयोग वृद्धि गर्न ठोस पहल गरिदै लगिने छ।

**सम्माननीय प्रधानमन्त्री एवं कुलपतिज्यू !**

२९. विश्वविद्यालयमा अन्तर्राष्ट्रिय स्तरमा प्रसिद्ध भाषाहरूको अध्ययन-अध्यापन गराउने नीति बमोजिम शैक्षिक सत्र २०७५ देखि चिनियाँ भाषाको अध्ययन-अध्यापनका लागि कन्फुसियस सेन्टर स्थापनाका लागि चिनियाँ दुतावास, हानवान र चीनका विश्वविद्यालयसंग आवश्यक समन्वयको कार्य अघि बढाईने छ ।

३०. नेपालका प्राचीन विहार, गुम्बा तथा राष्ट्रिय अभिलेखालयहरुमा भएका दुर्लभ बौद्ध ग्रन्थ एवं सम्पदाको नेपाली भाषामा प्रकाशन गर्ने र अनुसन्धानलाई निरन्तरता दिने काममा ठोस योजनाका

साथ अगाडि बढाउंदै नेपालको प्राचीन गौरवमय परम्परालाई पुन:स्थापित गरिने छ।

३१. नेपाल स्थित विभिन्न दातृ निकायहरु, राजदुतावासका साथै विदेशमा रहेका बौद्ध शिक्षा संस्कृतिलाई संस्थागत गर्न लागि परेका सम्पूर्ण निकायहरुसंग समन्वय गर्दै विश्वविद्यालयलाई उत्कृष्ट शैक्षिक गन्तव्य बनाउदै बौद्ध अध्ययनको विशेष केन्द्र बनाइने छ।

३२. सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले आफु प्रथम पटक प्रधानमन्त्री हुँदा विश्वविद्यालयका लागि १०० विगाहा जग्गा खोज्न निर्देशन भएबमोजिम हाल देवदह नगरपालिका वडा नं ९ मा ६१.२५ हेक्टर जग्गा प्राप्तिको लागि वातावरणीय प्रभाव मुल्यांकन (EIA) को कार्य अगाडि बढीरहेको छ र आगामि ६

महिनामा उक्त जग्गा विश्वविद्यालय अन्तर्गत ल्याउने लक्ष्य राखिएको छ।

३३. हाल विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय जस्तो अत्यावश्यक संरचनाको छुट्टै भवन छैन।सो कुरालाई मध्यनजर गर्दै विश्वविद्यालयले परीक्षा नियन्त्रण कार्यालय भवन निर्माणका लागि तिलोत्तमा नगरपालिकासंग जग्गा माग गर्दा तिलोत्तमा नगरपालिकाले लुम्बिनी बौद्ध विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालयका लागि तिलोत्तमा नगरपालिका वडा नं. ७ पर्ने दुई विगाहा जग्गा उपलब्ध गराउने निर्णय समेत गरिसकेको छ।सो सहयोगकालागि तिलोत्तमा नगरपालिका र सो नगरपालिकाका जनप्रतिनिधिप्रति विश्वविद्यालय परिवारको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं।

३४. यस विश्वविद्यालयले आफ्नो आर्थिक कारोबारबारे चुस्त र व्यवस्थित बनाउनका लागि नियमित रुपमा लेखा परिक्षण गर्ने गरिरहेको छ। हालसम्म आ.व. २०७३/०७४ सम्मको श्रेस्ता महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण सम्पन्न भइसकेको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयले आ.व. ०७४/०७५ मा फस्यौंट गराउनु पर्ने आ.व. ०७२/०७३ सम्मको बेरुजु अंकको ६९.०५% बेरुजु फस्यौंट भएको छ।

३५. लुम्बिनी बौद्ध विश्वविद्यालयको आर्थिक गतिबिधिलाई पारदर्शी, मितव्ययी तथा बेरुजु शुन्य संस्था निर्माण गर्नका लागि संस्थाको आर्थिक नीतिहरुलाई विभिन्न कार्यविधि बनाई कडाईका साथ् लागु गरिएको छ।सो कार्यलाई आगामि बर्षहरुमा अझै कडाई गरिने छ।अन्त्यमा, प्रथम विश्व बौद्ध सम्मेलन र

बौद्धमार्गीहरूको उत्कट चाहना र प्रस्तावका आधारमा बुद्धको जन्मस्थल पवित्रभूमि लुम्बिनीमा स्थापित लुम्बिनी बौद्ध विश्वविद्यालय तथा यसका शैक्षिक कार्यक्रमहरूलाई नेपालभित्र तथा बाहिर समेत विस्तार गर्दै विश्वव्यापी बनाउनु पर्ने तथा यस विश्वविद्यालयको संस्थागत सम्बर्धन, सुदृढिकरण, सबलीकरणका लागि नेपाल सरकार लगायत अन्य सरकारी, गैरसरकारी तथा सामुदायिक सम्बन्धित सबै निकाय र संस्थाहरूबाट आवश्यक आर्थिक तथा भौतिक सहयोग, संरक्षण र सद्भाव प्राप्त हुने विश्वास विश्वविद्यालयले लिएको छ।

**सभाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, उपकुलपतिज्यू एवं अन्य उपस्थित सभासदज्यूहरु !**

उपर्युक्त कार्यक्रमहरूमा केन्द्रित भई आ.व. २०७५/०७६ को लागि जम्मा बजेट रु. ४२,५५,३९,०८८ (अक्षरेपी बयालीस करोड पचपन्न लाख उन्नान्चालिस हजार अठासी मात्र) प्रस्तावित गरेको छु जसबाट पुँजीगततर्फ रु ३४,१०,००,००० (अक्षरेपी चौतिस करोड दश लाख मात्र ) र संचालनतर्फ रु ८,४५,३९,०८८ (अक्षरेपी रु. आठ करोड पैतालिस लाख उन्नान्चालिस हजार अठासी मात्र) को बजेट प्रस्ताव गरेको छु।

**सम्माननीय कुलपति एवं सभासदज्यूहरु,**

लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६७ को दफा ९ (झ) तथा लुम्बिनी बौद्ध विश्वविद्यालय शैक्षिक प्रशासन सम्बन्धी नियमावली-२०७४ को नियम २४

# लुम्बिनी बौद्ध विश्वविद्यालयको दशौ साधारण सभाको बैठकमा प्रस्तुत सङ्क्षिप्त प्रगति प्रतिवेदन

उपनियम (१) खण्ड (ग) बमोजिमको लुम्बिनी बौद्ध विश्वविद्यालयको बार्षिक प्रतिवेदन तथा आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्यक्रम सम्बन्धी प्रस्ताव यसै साथ् पारित गर्नका लागि यो प्रस्ताव प्रस्तुत गर्दछु।

**भवतु सब्ब मंगलं !**

श्री तिलक राम आचार्य
रजिष्ट्रार

मिति: २०७५ श्रावण ९ गते बुधबार